# कर्मले बने बुद्ध



कपिल लामिछाने

बालथुँगा- १९

# कर्मले बने बुद्ध

(चित्रकथा)

कपिल लामिछाने


प्रकाशक

बालसंसार प्रा. लि.


काठमाडौं

# कर्मले बने बुद्ध


| | | |
|---|---|---|
| लेखक | : | कपिल लामिछाने |
| चित्रकार | : | ईशान परियार |
| सर्वाधिकार | : | लेखकमा |
| संस्करण | : | वि.सं. २०६७ |
| कम्प्युटर | : | अम्मर ब. श्रेष्ठ |
| साजसज्जा | : | प्रवेश सिन्धुलीय |
| प्रकाशक | : | बालसंसार प्रा.लि. |
| | | पुतलीसडक, काठमाडौं |
| | | फोन : ४१६८०५३ |
| इमेल | : | balsansar@wlink.com.np |
| मुद्रण | : | सुजल अफसेट प्रेस |
| | | फोन : ४२३३४५९ |
| ISBN | : | 978-9937-821-2-7-8 |



संसारमा समयसमयमा विशिष्ट महापुरुषको जन्म भइरहन्छ । गौतमबुद्ध पनि एक त्यस्तै महापुरुष हुन् । उनले संसारलाई शान्ति र सहिष्णुताको बाटोमा हिँडाउन ठूलो त्याग, तपस्या र मिहिनेत गरे । पछि उनकै नामबाट बुद्धधर्मको प्रवर्तन भयो । बुद्ध र बुद्धधर्म विश्वविख्यात भए । आज विश्वले नै उनलाई श्रद्धा र सम्मानका साथ चिन्दछ ।



नेपालको कपिलवस्तुका शाक्य राजा शुद्धोदनका छोरा सिद्धार्थको जन्म पच्चीसछब्बीस सय वर्षपहिले वैशाख पूर्णिमाका दिन लुम्बिनीमा भएको हो । उनकी आमा माइत जाँदा लुम्बिनीको सालको वनमा उनको जन्म भएको थियो ।



सिद्धार्थ जन्मेको हप्ता दिनमै आमा मायादेवीको मृत्यु भयो । उनको लालनपालन सबै सौतेनी आमा (सानिमा) प्रजापति गौतमीबाट भएको हो । उनको न्वारनको नाम सिद्धार्थ गौतम थियो, तर आफ्ना कर्मले गर्दा उनी पछि गौतमबुद्ध बन्न पुगे ।



सिद्धार्थ पछि गएर कि भने ठूला चक्रवर्ती राजा हुन्छन् कि भने जोगी बन्छन् भनेर ज्योतिषीहरूले भनेका थिए । सिद्धार्थ जोगी नबनून् भनेर राजा शुद्धोदनले धेरै कोसिस गरे । कोही पनि आफ्नो सन्तान जोगी भएको देख्न चाहन्न । राजाले सिद्धार्थलाई सानैदेखि खेल-तमासामा भुलाउन खोजे । उनी भने अरू साथीभाइझैँ त्यस्ता कुरामा लागेनन् । त्यस्ता कुरामा उनको मन गएन, ध्यानै गएन ।



उनी टोलाएर बस्न थाले । यसले गर्दा राजा शुद्धोदनलाई चिन्ता लाग्न थाल्यो । चिन्ता लाग्नु स्वाभाविक पनि थियो ।



सिद्धार्थको पढाइ सुरु भयो । उनको बुद्धि तीखो थियो । उनी जे पनि छिट्टै बुझ्थे र कत्ति पनि बिर्सँदैनथे । उनी राजकुमार भएकाले उनलाई हातहतियार चलाउन पनि सिकाइयो । उनी सबै कुरामा जान्ने भए । हरेक कुरामा दक्ष पनि भए ।



सिद्धार्थ अरूको दु:ख देख्न सक्दैनथे । यो उनको सानैदेखिको बानी हो । अरूको दु:ख देखेर उनी छट्पटाउँथे । कुनै जन्तुलाई कसैले कुटेको देख्दा उनलाई आफैँलाई कुटेजस्तो लाग्थ्यो । उनी रुन्थे पनि । एकपटक उनी वनमा घुम्दै थिए । चोट लागेको एउटा हाँस पखेटा फटफटाउँदै उनको नजिकै आएर पछारियो ।



हाँसलाई तीरले लागेको रहेछ । उनलाई अचाक्ली दुःख लाग्यो । उनले हाँसका जीउमा लागेको तीर निकालेर आफ्नै जीउमा रोपे । उनका जीउबाट पनि रगत बग्न थाल्यो । त्यतिखेरै त्यहाँ देवदत्त आइपुगे । देवदत्त सिद्धार्थका भाइ पर्थे । हाँसलाई उनैले तीर हानेका थिए । उनले घाइते हाँस सिद्धार्थसित मागे । सिद्धार्थले दिन मानेनन् । त्यसपछि त दुवैमा भनाभन हुनथाल्यो ।




यो कुरा राजा शुद्धोदनले पनि चाल पाए । राजाले देवदत्त र सिद्धार्थलाई दुईतिर उभ्याए अनि हाँसलाई माझमा छाडिदिए । हाँस तुरुन्त सिद्धार्थको काँधमा गएर बस्यो । राजाले भने- अरूलाई बचाउने हक सबैलाई छ, मार्ने हक कसैलाई छैन । त्यसैले हाँस बचाउनेकै हुन्छ । राजाको भनाइले सबैको चित्त बुझ्यो । सिद्धार्थ खुसी भए । हाँस अब सिद्धार्थको भयो । देवदत्त दङ्ग परे । सिद्धार्थले हाँसलाई मलमपट्टी लगाए र सन्चो पारेर छाडिदिए ।



सन्चो भएपछि हाँसलाई खुला आकाशमा छाडिदिए । सिद्धार्थ अलिकति प्रसन्न भए । उनको यस्तो स्वभाव देखेर राजा शुद्धोदन भने दिक्क भए ।



सिद्धार्थ सधैं एक्लै घोरिन्थे । यस्तो देखेर राजा शुद्धोदनको चिन्ता झन् बढ्न थाल्यो । उनले सिद्धार्थको मन रमाइलोमा लागोस् भनेर धेरै उपाय गरे । चारैतिर राम्राराम्रा कुरामात्र राख्न लगाए । सिद्धार्थले जेजे भन्छन् त्यो तुरुन्त पूरा गरिदिने व्यवस्था मिलाए ।



एक दिन सिद्धार्थलाई सहर घुम्ने इच्छा भयो । राजाले पूरै सहरलाई फूलैफूलले सजाउन लगाए । ठाउँठाउँमा गाजाबाजा र नाचगान सुरु भयो । सहर घुम्दा सिद्धार्थले नराम्रा कुरा देख्न नपरोस् भनेर सबैलाई सतर्क गराए । राजाको इच्छाअनुसार सहर सजाइयो । सहर झकिझकाउ र रमाइलो भयो । नराम्रो भने केही थिएन ।



सिद्धार्थको सहरयात्रा पनि सुरु भयो । उनी रथमा बसेका थिए । सारथि छन्दकले सिद्धार्थको रथ हाँकेको थियो । उनले सहरको धेरै भाग घुमे । घुम्दै जाँदा उनले एउटा बूढालाई देखे । बूढो कुप्रो परेको थियो । उसका गोडा लुगलुग काम्दै थिए । ऊ लौराको भरमा कनीकुथी हिँड्दै थियो । सिद्धार्थले यसअगि त्यस्तो मान्छे देखेका थिएनन् ।

सिद्धार्थले सारथिसित सोधे- छन्दक, त्यो को हो ?

सारथि छन्दकले भन्यो- एउटा बूढो मान्छे हो, कुमार !

सिद्धार्थले फेरि सोधे- मान्छे बूढो किन हुन्छ ?

तर सारथिले उत्तर दिन सकेन । सिद्धार्थको चित्त पनि बुझ्न सकेन ।



अलिक पर पुगेपछि सिद्धार्थका आँखा फेरि एउटा अर्को मान्छेमाथि अडिए । उनले तुरुन्त रथ रोक्न लगाए । रथ अडियो । त्यो मान्छेले राम्रोसँग सास फेर्न सकिरहेको थिएन ।

सिद्धार्थले सोधे- त्यो को हो नि ?

सारथिले भन्यो- एउटा रोगी मान्छे हो, कुमार !

सिद्धार्थले फेरि सोधे- मान्छे रोगी किन हुन्छ ?

तर सारथिले यसको पनि उत्तर दिन सकेन । ऊ त्यत्तिकै अनकनाएर बस्यो । सिद्धार्थ छटपटाउन थाले । उनका मनमा अशान्तिले डेरा जमायो ।



भोलिपल्ट पनि सिद्धार्थ सहर घुम्न हिँडे । बाटामा उनले एउटा लास देखे । लासलाई कपडाले ढाकेर चार जनाले बोकेका थिए । सिद्धार्थ अचम्ममा परे ।

उनले सोधे- सारथि, त्यो के हो ?

सारथिले उत्तर दियो- कुमार, त्यो लास हो । कुनै मान्छे मरेको छ । त्यसलाई मसान घाटतिर लादै छन् ।

सिद्धार्थले फेरि पनि सोधे– मान्छे किन मर्छ ?

सारथि छन्दकले केही पनि भन्न सकेन ।



त्यसपछि सिद्धार्थले एउटा संन्यासी (जोगी) लाई देखे । उसको अनुहार तेजिलो थियो । उसको जीउ स्वस्थ थियो । उसले गेरुवा कपडा लगाएको थियो र ऊ सांसारिक सुख-दु:खदेखि अलग्ग देखिन्थ्यो ।

सिद्धार्थले प्रश्न गरे- त्यो को हो ?

सारथिले उत्तर दियो- एउटा जोगी मान्छे हो, कुमार ! उसले आफ्नो घरबार र इष्टमित्र सबैलाई छाडिसकेको छ । उसको शत्रु र मित्र कोही छैन । जग्गाजमिन र घरद्वार केही छैन । माग्छ, खान्छ, हिँड्छ ।

सिद्धार्थले सोधे- त्यसो भए त्यो सारै दु:खी होला, होइन ?

सारथिले भन्यो- कुमार, सबभन्दा सुखी त्यही छ । त्यसलाई कुनै दु:ख छैन, कुनै चिन्ता पनि छैन ।

सिद्धार्थ दङ्ग परे । संन्यासीको जीवन देखेर उनलाई लोभ लाग्यो । अलिकति रमाइलो पनि लाग्यो ।



उनले विचार गरे- जन्मनु, बूढो हुनु, रोगी हुनु र मर्नुजस्ता दु:ख संसारमा छन् भने तिनबाट मुक्ति पाउने उपाय पनि हुनैपर्छ । मैले त्यस्तो उपाय खोज्नुपर्छ, जसले संसारलाई दु:खबाट मुक्ति देओस् । समस्या छ भने समाधान खोज्नैपर्छ ।


सिद्धार्थको मन चञ्चल हुन थाल्यो । उनका मनमा थरिथरिका प्रश्न उठ्न थाले- मान्छे किन जन्मन्छ ? बूढो किन हुन्छ ? रोगी किन हुन्छ ? किन मर्छ ? यी सब दु:खको मुख्य कारण के हो ? सत्य के हो ? संसार के हो ? उनी यिनै प्रश्न र तिनका उत्तर खोज्नमा डुब्न थाले । उनी झन् एक्लै घोरिन थाले । उनको सारा समय चिन्तनमै बित्न थाल्यो ।



सिद्धार्थको यस्तो अवस्था देखेर राजा शुद्धोदनको चिन्ता सारै बढ्यो । सुध्रिन्छन् कि भनेर उनले सिद्धार्थको विवाह सुन्दरी राजकुमारी यशोधरासित गरिदिए । विवाह भएपछि सिद्धार्थ सांसारिक माया, मोहमा लाग्लान् भन्ने राजाको विश्वास थियो । सिद्धार्थ भने कत्ति पनि फेरिएनन् । फेरि पनि यशोधराका गर्भबाट एउटा छोरा जन्मियो । उनले त्यसको नाम राहुल राखे ।



सिद्धार्थ मुक्तिका बारेमा सोच्दै थिए । संसारमा अशान्ति देखेकाले शान्ति उनको खोजीको अर्को मुख्य विषय बन्यो । कतै घरगृहस्थीमै फँसिने त होइन भन्ने डरले उनलाई छोप्यो । शान्ति र मुक्ति पाउन सबभन्दा पहिले घर छोड्नुपर्छ भनेर उनलाई पहिल्यै एकजना संन्यासीले बताएका थिए ।



उनले घर छाड्ने निधो गरे । रातमा सबै सुतेको बेला चारैतिर चकमन्न थियो । टाढा कुकुर भुकेको सुनिन्थ्यो । कीराफटचाङ्ग्रा पनि कराइरहेका थिए । मानिसको कुनै चाइँचुइँ थिएन । यशोधरा मस्तसँग निदाएकी थिइन् । राहुल पनि आमाको काखमा लिपिस्स टाँसिएर सुतेको थियो । एकपटक सुटुक्क म्वाइँ खान मन लाग्यो, तर उनले त्यसो गरेनन् । उठे भने बित्याँस पर्ला भन्ने डर सिद्धार्थका मनमा थियो ।

आधा रातमा उनले दरबार छाडे, घरबार छोडे ।



उनी एकैचोटि कोसौं टाढा पुगेर नदीका किनारमा अडिए । सारथिलाई त्यहाँसम्म लगेका थिए । नदीको किनारमा पुगेपछि सिद्धार्थले राजसी पोसाक उतारे । कपाल काटे । छन्दक र घोडा चेतकलाई फर्काइदिए । अनि आफू वन पसे । यतिखेर उनी उनन्तीस वर्षका तन्नेरी भइसकेका थिए ।




सिद्धार्थ खुब घुमे । उनले धेरै ठक्कर पाए । धेरै विचार गरे । धेरै सोचे । कालाभ र उद्यक रामपुत्रबाट योग सिके । त्यसबाट पनि उनलाई सन्तोष भएन ।



अरू सिद्ध, तपस्वी र विद्वान्सित बसेर कुराकानी गरे । उनले सोधे- मुक्तिको बाटो के हो ? शान्ति कहाँ पाइन्छ ? कसरी पाइन्छ ? सत्य के हो ? तर जति विद्वान्सित जति कुरा गरे पनि सिद्धार्थको चित्त बुझेन । उनले बुझे- आफ्नो बाटो आफैं खोज्नुपर्छ ।



मुक्ति र शान्ति खोजेर-सोधेर पाइन्न । तपस्या गरे पाउन सकिन्छ कि भन्ठानेर उनले तपस्या गर्ने विचार गरे । उनी बोधगया पुगे र लगातार सात वर्षसम्म घोर तपस्या गरे । जीउ सुकाए, गलाए । जीउमा हाडछालामात्र बाँकी रह्यो । यस्तो किसिमको कठोर साधनालाई हठयोग भन्ने गरिन्छ । कठोर साधना गर्दा पनि उनले खोजेको कुरा पाएनन् । उनले जीउ सुकाएर कठोर तप गर्नु पनि व्यर्थ छ भन्ने ठाने ।



सिद्धार्थले कठोर तपस्या छाडे । उनले अछुत मानिएकी सुजाताले दिएको खीर खाए । त्यसले गर्दा उनी स्वस्थ भए । उनका साथमा चारजना चेला पनि थिए । तिनीहरूले सुजाता अछुत हो भनी खीर खाएनन् । सिद्धार्थले खीर खाएको पनि तिनीहरूलाई मन परेन । त्यसैले तिनीहरूले सिद्धार्थलाई एक्लै छाडेर हिँडे ।



खीर खाएपछि सिद्धार्थ बोधिवृक्षमुनि बसे । त्यसरी बोधि नामको बोटमुन्तिर बसेर ध्यान गर्दा उनलाई बुद्धत्व (ज्ञान) प्राप्त भयो । सिद्धार्थ बडो आनन्दित भए ।



सिद्धार्थले अब नयाँ जीवन पाएको अनुभव गर्न थाले । अब उनलाई कुनै कुराको शङ्का थिएन । चिन्ता पनि थिएन । दु:ख थिएन र सुख पनि थिएन । दु:ख-सुखदेखि उनी अलग्ग भए । उनको ज्ञानको आँखा खुलिसकेको थियो । उनले बुद्धत्व प्राप्त गरिसकेका थिए । यहींदेखि नै सिद्धार्थ गौतमको नाम गौतमबुद्ध रहन गयो । उनी महात्मा बुद्ध भए । बुद्धत्व पाउँदा उनी छत्तीस वर्षका युवक भइसकेका थिए ।



आफूले पाएको ज्ञान बुद्धले आफूसित राखेनन् । उनले ज्ञानको प्रचार गर्न थाले । त्यसको थालनी उनले भारतको सारनाथबाट गरे । धेरै मान्छे जुटाएर उनले ज्ञान दिए, उपदेश दिए । उनले बोल्न लागेका ठाउँमा मानिस ओइरिन थाले । लगातार पैंतालीस वर्षसम्म उनले ज्ञान बाँड्दै हिँडे । विभिन्न किसिमका दुःखबाट छुटकारा पाउने बाटो बताउँदै बुद्धले शान्ति र सत्यको खोजी गरे । राजा, महाराजा, गाउँले र सहरिया, सबै जातका मानिस उनका चेला बने । चेलाको भेलालाई सङ्घ भन्न थालियो । सङ्घमा सबै जात, धर्म र विचार भएका मान्छे आउन थाले । सबैले एउटै भाकामा भन्न थाले–


**बुद्धं शरणं गच्छामि ।**
**धम्मं शरणं गच्छामि ॥**
**सङ्घं शरणं गच्छामि ॥।**



बुद्धले मानिस चार किसिमका दुःख भोग्छ भन्ने निष्कर्ष निकाले । ती चार दुःख हुन्- जन्मदुःख, जरादुःख, व्याधिदुःख र मृत्युदुःख । लालसा वा इच्छा, वासना र हिंसा दुःखका मुख्य कारण हुन् । यिनबाट बच्न सकिन्छ । बच्न सकियो भने दुःखबाट मुक्ति पाइन्छ । बुद्धले अहिंसा, सत्य र शान्तिको खुब प्रचार गरे । मीठो बोल । सत्य बोल । राम्रा काम गर । एकाग्र बन । मन, वचन, कर्म पवित्र राख । कसैलाई दुःख नदेऊ । हिंसा वा काटमार नगर । यस्ता कुरा बताउँदै बुद्ध र उनका चेला (अनुयायी) हरू संसारभर घुमे । संसारै ब्युँझाए ।



यता आफ्नो छोरा, सिद्धार्थको यति ठूलो प्रसिद्धि देखेर राजा शुद्धोदन सारै प्रसन्न भए । उनको मुटु खुसीले ढक्क फुल्यो । उनले सिद्धार्थलाई बोलाए । जनताको कल्याणमा हिँडेका बुद्ध पनि आफ्नो जन्मभूमि फर्के । उनका साथमा अरू धेरै चेलाहरू पनि थिए । त्यसै बेलामा राजा शुद्धोदन, पुत्र राहुल र पत्नी यशोधरालाई पनि सङ्घमा सामेल गराइदिए । सङ्घले पनि उनीहरूलाई शरणमा लिए ।



जीवनका थुप्रै सुखदु:ख भोगेर बुद्धले तिनबाट मुक्ति पाउने बाटो देखाए । प्राणीमात्रको कल्याण चाहने बुद्धले असी वर्षको उमेरमा भारतको कुशीनगर (कुशीनारा) मा प्राण छाडे । त्यसलाई महापरिनिर्वाण भनिन्छ ।



नामले काम होइन, कामले नाम कमाउनुपर्छ । सिद्धार्थले पनि महान् काम गरे र बुद्ध बने । आज उनलाई संसारले चिन्छ र पूजा पनि गर्छ । आज करोडौं मानिसहरू बुद्धलाई मान्छन् । अरूको दु:खलाई आफ्नै दु:ख मान्ने बुद्ध साँच्चै नै अमर छन् । बुद्धका विचारमा सबै मानिस समान छन् । बुद्धका चिन्तन, बुद्धका विचार र बुद्धले देखाएको आचरणको अनुशरण गर्ने सम्प्रदाय अचेल बौद्धधर्मका नामले संसारभर चिनिन्छ । कुनै धर्मका सीमारेखामा सीमित हुन नचाहने समतावादी बुद्धको बेग्लै धर्म हुनपुग्यो ।



लुम्बिनीको एक वनमा जन्मेका राजकुमार यसरी आफ्ना विचार र कर्मले गौतमबुद्ध बन्न पुगे । संसारभर बुद्धका बडाबडा गुम्बा, चैत्य र स्तुपहरू बनेका छन् । स्वयम्भूको चैत्य, लुम्बिनीको मायादेवी मन्दिर र अशोक स्तम्भ निकै विख्यात छन् । गौतमबुद्ध अब संसारमा छैनन्, तर पनि उनी अमर छन् । उनका महान् विचार आज पनि हामीसित छन् र पछिसम्म पनि रहिरहनेछन् । बुद्ध कर्मले गर्दा नेपालका मात्र होइन, एसियाका प्रकाश बनेर रहेका छन् ।

# प्रकाशकको कलम

बालसाहित्य बालबालिकाका लागि बौद्धिक खुराक हो । त्यसैले देशका लागि योग्य नागरिक तयार पार्न स्तरीय बालसाहित्यको विकास गरी बालबालिकाका सामु पुऱ्याउन आवश्यक छ । यही आवश्यकता पूरा गर्ने क्रममा हामीले विभिन्न विधाका बालसाहित्यका पुस्तक प्रकाशन गर्ने जमर्को गरिरहेका छौँ ।


चित्रकथा बालसाहित्यको एउटा महत्त्वपूर्ण विधा हो । चित्रकथाका माध्यमबाट बालबालिकालाई धेरै कुरा बुझाउन सकिन्छ । बालबालिका पनि चित्रकथा पढ्न रुचाउँछन् । त्यसैले हामीले बालबालिकाको रुचिअनुरूप यस प्रकाशन संस्थाबाट यसअघि पनि चित्रकथाका विभिन्न पुस्तक प्रकाशित गरिसकेका छौँ । यसैक्रममा अहिले हामी नेपालका गौरव, शान्तिका अग्रदूत एवम् राष्ट्रिय विभूति गौतमबुद्धको जीवनगाथालाई नेपाली बालबालिकाका लागि उपयोगी हुने किसिमले अत्यन्त सरल-सरस भाषामा प्रकाशित गर्न लागेका छौँ ।

कपिल लामिछाने नेपाली बालसाहित्यको क्षेत्रमा स्थापित नाम हो । उहाँका बालकथा र गाउँखाने कथाहरूका थुप्रै सङ्कलन प्रकाशित भइसकेका छन् । उहाँका बालरचनाहरूबाट नेपाली बालबालिका निकै लाभान्वित पनि भएका छन् । यो चित्रकथा भने उहाँले विशेषत: ९-१२ उमेर समूहका बालबालिकाका लागि तयार गर्नु भए पनि अन्य उमेर समूहका बालबालिकाका लागि पनि उपयोगी हुने हामीले आशा लिएका छौँ ।



अन्त्यमा यो पुस्तक प्रकाशन गर्न दिनुभएकोमा हामी कपिल लामिछानेप्रति आभार व्यक्त गर्छौं । साथै भाइबहिनीहरूले पनि हाम्रा विगतका प्रकाशनहरूझैँ यस पुस्तकलाई पनि रुचाउनु हुने विश्वास लिएका छौँ ।

**बालसंसार प्रा.लि**

# हाम्रा प्रकाशनहरू







































बालसंसार प्रा.लि.